

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY


वर्ष-१४ ।। अङ्क : ३०१ ॥ २०७९ पौष ११ गते सोमबार (26th Dec 2022 Monday) Pratidin National Daily dNo-?:%÷-


# दाहाल तेस्रोपटक प्रधानमन्त्रीमा नियुक्त

झापा(प्रस) ।नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीमा नियुक्त भएका छन् । आइतबार साँझ राष्ट्रपति विद्यादेवी भण्डारीले दाहाललाई नियुक्त गरेकी हुन् । संविधानको धारा ७६ को (२) अनुसार दाहाललाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् ।

दाहालले दोस्रो ठूलो दल नेकपा एमालेसहित सात दल र ३ स्वतन्त्र गरी १६९ सांसदको समर्थन जुटाएर प्रधानमन्त्रीका लागि राष्ट्रपतिसमक्ष दाबी पेस गरेका थिए । विभिन्न ७ राजनीतिक दलले नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीमा नियुक्त गरियोस् भन्दै राष्ट्रपति विद्यादेवी भण्डारीलाई पत्र बुझाएका थिए।

हस्ताक्षर गर्नेमा एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने, जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी छन्। त्यस्तै दाहाललाई तीन स्वतन्त्र उम्मेदवारले समर्थन गरेका छन्। स्वतन्त्र सांसद प्रभु साह, किरणकुमार साह तथा डा अमरेसकुमार सिंहले दाहाललाई समर्थन जनाएका हुन्। यसअघि एमाले लगायतका दलले नयाँ सत्ता समिकरण



गर्दै माओवादी संसदीय दलका नेता दाहाललाई प्रधानमन्त्री बनाउने सहमति गरेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आइतबार बसेको बैठकले दाहाललाई आधा कार्यकालका लागि प्रधानमन्त्रीको रुपमा अघि सारेको हो । साढे २ वर्षपछि एमालेले प्रधानमन्त्री लिनेछ ।

दाहाललाई प्रधानमन्त्री बनाउन आग्रह गर्दै राष्ट्रपति कार्यालयमा बुझाइएको पत्रमा भनिएको छ, 'सम्माननीय राष्ट्रपति ज्यूबाट पुष ३ गते नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठन गर्न दावी पेश गर्न आह्वान भएकोमा सोही समयसीमाभित्रै प्रतिनिधि सभा सदस्य तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री पदमा हाम्रो समर्थन रहेको व्यहोरा अनुरोध गर्दछौँ।'

यससँगै तेस्रोपटक प्रधानमन्त्री बनेका दाहालले सोमबार पद तथा गोपनीयताको शपथ ग्रहण गर्ने भएका छन्। राष्ट्रपति कार्यालयले प्रधानमन्त्रीको शपथ सोमबार ४ बजे तय गरेको राष्ट्रपतिका प्रेस विज्ञ टीका ढकालले जानकारी दिए । दाहाल यसअघि २०६५ र २०७३ मा ९/९ महिनाको अवधि प्रधानमन्त्री बनेका थिए ।

**को हुन् दाहाल**

कक्षा १० मा पढ्ने बेलादेखि राजनीतिक चासो राखेका दाहाल २०२८ सालमा कम्युनिस्ट पार्टीमा आबद्ध भएका थिए । २०४२ सालमा नेकपा मशालको पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्य बने । २०४६ सालको जनआन्दोलनअघि मशालको महासचिव बने । २०५२ साल फागुन १ गतेबाट सुरु भएको तत्कालीन नेकपा माओवादीको जनयुद्धको नेतृत्व गरेका दाहाल २०५८ मा नेकपा माओवादीको अध्यक्ष भए भने २०५८ मा जनमुक्ति सेनाको सर्वोच्च कमान्डर पनि बने । त्यसयता लगातार पार्टी नेतृत्वमा रहेका दाहाल २०७५ सालमा एमालेसँगको पार्टी एकीकरणपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अध्यक्ष पनि बने ।

**संसदीय यात्रा**

पहिलो संविधानसभा २०६४ मा रोल्पा र काठमाडौं १० बाट निर्वाचित भएका दाहाल दोस्रो संविधानसभा २०७० मा सिरहा ५ बाट जिते । २०७४ सालमा प्रतिनिधिसभा सदस्यमा चितवन ३ बाट निर्वाचित भएका दाहाल यसपटक गोरखा-२ पुगेर त्यहाँबाट जितेर आए । माओवादी शान्ति प्रक्रियामा आएपछि पहिलोपटक भएको संविधान सभाको चुनावमा माओवादी ठूलो भएपछि २०६५ सालमा नौ महिना प्रधानमन्त्री भए । २०७३ सालमा उनी पुनः प्रधानमन्त्री बनेका थिए । पहिलो र अहिले तेस्रोपटक प्रधानमन्त्री बन्दा दाहालको मूल सत्ता साझेदार एमाले बनेको छ । दाहाल दोस्रोपटक प्रधानमन्त्री हुँदा उनको मुख्य सत्तासाझेदार दल कांग्रेस थियो ।

# एकीकृत समाजवादी सरकारमा नजाने



झापा(प्रस) ।नेकपा (एकीकृत समाजवादी) सरकारमा सहभागी नहुने भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको एमालेसहितका दलहरुले सहमति गरेका थिए । दाहालको नेतृत्वमा सरकार बनाउने निर्णय भएपछि नेकपा एसको सरकारमा नजाने सचिवालय बैठकले निर्णय गरेको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । आइतबार नै दाहाललाई प्रधानमन्त्री बनाउने विषयमा सचिवालय बैठक बसेको थियो । पछिल्लो विकसित घटनाक्रमलाई लिएर गम्भीरतापूर्वक लिने र उपयुक्त समयमा उपयुक्त धारणा बनाउने प्रवक्ता खतिवडाले बताए । उनले अहिले पार्टीले 'पर्ख र हेर'को नीति लिने बताए ।

'हाम्रो मोटिभ चाहिँ अहिले यो सरकारमा सहभागी नहुने हो, यो सरकारमा बसेर काम हुँदैन,' उनले भने ।

# सत्ताको खेलमा चुके देउवा

झापा(प्रस) । नेकपा एमालेसहितको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बनेसंगै प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस सत्ता र शक्तिबाट बाहिर रहने भएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आइतवार पाँच दलबीच भएको छलफलमा दाहाललाई प्रधानमन्त्री बनाउने सहमति जुटेको हो । अन्य दुई दल पनि थपिएर यो संख्या ७ पुगेको छ ।

राष्ट्रपति, उपराष्ट्रपति, सभामुखलगायत महत्वपूर्ण पदको भागबण्डा भने पछि गर्ने सहमति भएको छ ।

'एमालेले राष्ट्रपति र सभामुख लिने भद्र सहमति भएको छ, आइतवार समय नभएकाले छलफल गर्न पाएनौं,' बालकोट बैठकमा सहभागी एक नेताले भने ।

दुई ठूला वामपन्थी र अन्य साना दल मिलेर सरकार बनाएपछि प्रतिनिधिसभाको पहिलो दल कांग्रेस



भने सत्ताबाहिर रहने भएको हो ।

कांग्रेससँगै १० सिट रहेको नेकपा एस पनि बाहिर रहने भएको छ । प्रतिनिधिसभा र केही प्रदेशसभामा पहिलो दल बने पनि अब कांग्रेस सम्पूर्ण रूपमा सत्ताबाहिर रहने देखिएको हो ।

आइतवार बिहानसम्म सारा राजनीतिक सम्भावनाको सम्मुखमा रहेको कांग्रेस मध्याह्नसम्म पुग्दा शून्यमा झर्‍यो । सबै सम्भावनाहरू एकाएक असम्भव बनिदियो ।

केन्द्रदेखि प्रदेशसम्मको सत्ता सम्भावना एकाएक टर्‍यो ।

माओवादी केन्द्रका अध्यक्ष दाहालले ५ वर्षे कार्यकालको पहिलो आधा कार्यकाल प्रधानमन्त्री मागेका थिए । दाहालको प्रस्ताव कांग्रेसले इन्कार गरेपछि कांग्रेसको हातबाट तत्कालका लागि सबै सम्भावनाहरू फुत्कियो ।

कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री आफैले पाउनुपर्ने भन्दै बटमलाइन बनायो । जुन दाहालले स्वीकार गरेनन् ।

बालुवाटारको वार्तालाई सविस्तार सुनाउँदै एकीकृत समाजवादीका नेता झलनाथ खनालले भने, 'शेरबहादुर देउवाले प्रचण्डलाई प्रधानमन्त्रीको बचन दिनुभएको रहेछ । आज उहाँले आफ्नै प्रतिबद्धताबाट पछि हट्नुभयो र अहिलेको अवस्था आयो ।'

# सातै प्रदेशमा एमाले गठबन्धनको सरकार

झापा(प्रस) । एमाले नेतृत्वको नयाँ गठबन्धनले केन्द्रसहित सातवटै प्रदेशमा सरकार गठनका लागि आवश्यक बहुमत जुटाउने देखिएको छ । केन्द्रको गठबन्धनमा रहेका दल एक ठाउँमा उभिँदा प्रदेशमा पनि एमाले गठबन्धनमै सामेल भएका सरकार बन्ने निश्चित देखिएको छ ।

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित नेकपा एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीबाहेक सबै दलले गठबन्धन गरेर केन्द्र र सातै प्रदेशमा सरकार बनाउन सक्ने छन् ।

केन्द्रमा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र तीन स्वतन्त्र सांसद समेत गरी १६९ सांसदको गठबन्धन बनेको छ । सो गठबन्धनबाट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री नियुक्त गरिसकेकी छन् ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल कांग्रेस गठबन्धनबाट प्रधानमन्त्री हुन चाहेका थिए । तर, प्रधानमन्त्री नपाएपछि आइतबार कांग्रेस नेतृत्वको गठबन्धन छोडेर दाहाल एमाले नेतृत्वमा नयाँ गठबन्धन बनाई प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । एमाले नेतृत्वको सात दलीय गठबन्धनबाट दाहाल केन्द्र सरकारको प्रधानमन्त्री बन्दा सातै प्रदेशमा समेत सोही गठबन्धनको सरकार बन्ने देखिएको छ । प्रतिनिधिसभाको चौंथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेशमा सांसद छैनन् । यद्यपि सातै प्रदेशमा एमाले नेतृत्वको गठबन्धनले कांग्रेसबिनै सरकार बनाउने स्थिति बनेको हो ।

प्रदेश १ मा नेकपा एमाले नै पहिलो दल छ । ९३ सदस्यीय प्रदेशसभामा सरकार बनाउन ४७ सदस्य आवश्यक पर्छ । एमालेका ४०, माओवादी केन्द्रका १३, राप्रपाका ६ र जसपाका १ गरी एमाले गठबन्धनका पक्षमा सांसदको संख्या ६० पुगेको छ ।

मधेश प्रदेशमा प्रदेशसभा १०७ सदस्यीय छ । प्रदेश सरकार बनाउन गठबन्धनलाई ५४ सदस्य आवश्यक पर्छ । त्यहाँ एमालेका २३, माओवादी केन्द्रका ८, जसपाका १६, जनमतका १३, राप्रपाका १ र नागरिक उन्मुक्ति पार्टीका १ गरी ६२ सिट एमाले गठबन्धनको पक्षमा देखिएको छ ।

वाग्मती प्रदेशको प्रदेशसभाका ११० सदस्य छन् । त्यहाँ सरकार गठनका लागि ५६ सदस्यको समर्थन जुटाउनुपर्छ । तर, एमालेका २७, माओवादीका २१ र राप्रपाका १३ गरी ६१ सदस्य एमाले नेतृत्वको गठबन्धनमा छन् । त्यहाँ पनि कांग्रेसबिनै सरकार बन्नेछ ।

त्यस्तै, गण्डकी प्रदेशमा ६० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ३१ सदस्य आवश्यक पर्छ । एमालेले गठबन्धन दलबाटै ३१ सांसद जुटाएको छ । एमालेका २२, माओवादीका ७, राप्रपाका २ गरी ३१ सदस्य हुन्छन् । जो सरकार गठनका लागि पर्याप्त हुन्छ ।

लुम्बिनी प्रदेशमा ८७ सदस्यीय प्रदेशसभा छ । जहाँ सरकार गठन गर्न ४४ सांसदको समर्थन आवश्यक पर्छ । यहाँ पनि एमाले नेतृत्वको गठबन्धनले बहुमत जुटाउन सक्छ । एमालेबाट २९, माओवादी केन्द्रबाट ९, जसपाबाट ३, राप्रपाबाट ४, जनमतले ३, उन्मुक्तिले ४ गरी ५२ सांसद गठबन्धनमा छन् ।

कर्णाली प्रदेशमा प्रदेशसभा ४० सदस्यीय छ । सरकार बनाउन २१ सांसदको समर्थन चाहिन्छ । एमालेबाट १०, माओवादी केन्द्रबाट १३, राप्रपाबाट १ गरी त्यहाँ पनि गठबन्धनको पक्षमा २४ सांसदको समर्थन जुट्छ ।

सुदूरपश्चिम प्रदेशमा पनि एमाले गठबन्धनकै नेतृत्वको सरकार बन्ने देखिएको छ । त्यहाँ प्रदेशसभा ५३ सदस्यीय छ भने सरकार गठनका लागि २७ सांसदको समर्थन आवश्यक पर्छ । जबकि त्यहाँ एमालेका १०, माओवादीका ११, नागरिक उन्मुक्तिका ७ र राप्रपाका १ गरी २९ सांसद गठबन्धनकै छन् ।

यसबाहेक मधेशमा प्रभु साह नेतृत्वको स्वतन्त्र समूह पनि गठबन्धनमै जोडिएको छ । जसकारण मधेश प्रदेशमा गठबन्धनलाई थप मद्धत पुग्छ ।

# प्रदेश १ एमाले संसदीय दलको नेतामा कार्की



झापा(प्रस) । प्रदेश १ को सबभन्दा ठूलो दल एमालेको संसदीय दलको नेतामा झापा ५ (१) बाट दोस्रो पटक निर्वाचित पार्टीका स्थायी कमिटी सदस्य हिक्मत कार्की सर्वसम्मत चयन भएका छन् ।

प्रदेशसभा सचिवालयस्थित दलको सभाहलमा आइतबार बसेको बैठकले पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री कार्कीलाई दलको नेतामा चयन गरेको हो । एमालेका प्रदेश १ इन्चार्ज तथा प्रतिनिधिसभा सदस्य देवराज घिमिरे, पार्टीका प्रदेश अध्यक्ष तुलसीप्रसाद न्यौपानेलगायत प्रदेश कमिटी तथा केन्द्रीय कमिटी सदस्य र प्रदेश सांसदको उपस्थितिमा उनलाई दलको नेता चयन गरिएको छ ।

९३ सदस्यीय प्रदेशसभामा एमालेका ४० जना प्रदेश सांसद छन् । जसमा कार्कीसहित ७ जना प्रदेश सांसद दोस्रो पटक निर्वाचित भएर आएका छन् । संविधानसभा सदस्य रेवतीरमण भण्डारी , पाँचकर्ण राई र पूर्वसांसद तीलकुमार मेन्याङ्बो प्रदेशसभा सांसदमा निर्वाचित भएर आएका हुन् ।

एमालेले निर्वाचनमा तालमेल गरेका राप्रपा र जनता समाजवादी पार्टीसँग सरकार गठनका लागि तालमेलको प्रयास गरिरहेको छ । राप्रपाको ६ र जनता समाजवादीको १ जना प्रदेश सांसद रहेका छन् । सरकार गठनका लागि ४७ प्रदेश सांसद आवश्यक हुन्छ । यी दुबै दलको साथ पाए कार्की मुख्यमन्त्री बन्ने देखिएका छन् ।

# किचकबधमा राखियो भीम-किचकको नयाँ मूर्ति

भद्रपुर(प्रस) । झापाको भद्रपुर-२ स्थित किचकबध धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलमा भीम-किचकको नयाँ मूर्ति अनावरण गरिएको छ ।

शनिवार एक कार्यक्रमका बीच संविधानसभा सदस्य जितु गौतमले भीम-किचकको नवनिर्मित मूर्ति अनावरण गरेका हुन् । मूर्ति अनावरणपछि संविधानसभा



सदस्य गौतमले किचकबध सबै जातजातिको पवित्र भूमि भएको बताए ।

'स्थानीय मात्र होइन, किचकबध नेपालकै सन्दर्भमा सबै जातजातिको पवित्र पुञ्ज हो', उनले भने, 'यसको संरक्षण र संवर्द्धनमा सबै क्षेत्रको सहयोग र सहकार्य जरुरी छ ।' महाभारतकालीन ऐतिहासिक भूमि किचकबधको माध्यमबाट मुलुकको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने उनले बताए ।

संस्कृति तथा पर्यटन मन्त्रालयमार्फत प्राप्त ५० लाख र जनसहभागिता बापतको १२ लाख ५० हजार रुपैयाँको लागतमा घेराबारा र भीम-किचकको मूर्ति निर्माण गरिएको किचकबध धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेले जानकारी दिए । उक्त बजेटमध्ये २३ लाख ७० हजार ८७७ रुपैयाँको लागतमा भीम-किचकको मूर्ति निर्माण गरिएको उनले बताए । त्यस्तै, पर्यटकीय स्थल संरक्षणार्थ ३८ लाख ७८ हजार ६८१ रुपैयाँको लागतमा घेराबारा गरिएको छ ।

# गौरीगञ्जमा थ्रेसरसहित धान जल्यो



झापा(प्रस) । झापाको गौरीगञ्ज गाउँपालिका-६ को डौवाबारीमा नगेन्द्र ढकालको धानमा आगलागी भएको छ ।

धानमा थ्रेसर लगाउने क्रममा आइतवार बिहान करिब ११ बजे आगलागी भएको हो । ढकालको पौने २ विगाह खेतको धान र बाबुराम राजवंशीको ट्र्याक्टर र थ्रेसर जलेर नष्ट भएको छ । स्थानीयको सहयोगमा केही धान मात्र जल्नबाट बचाएको पीडित ढकालले बताए । आगो निभाउन गौरादह, दमक, ईलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएका प्रहरी र स्थानीयवासीले सहयोग गरेका थिए ।

# मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु

झापा(प्रस) । मोरङको कटहरी गाउँपालिका-६ हुरहुरीयामा शनिबार राति मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको प्रदेश १-०४-००१ प ८८८९ नम्बरको मोटरसाइकल राति ९:५० बजेतिर आफैं अनियन्त्रित भएर दुर्घटनामा परेको प्रहरीले जनाएको छ । मोरङ ट्राफिक प्रमुख प्रहरी निरीक्षक राजकुमार कार्कीका अनुसार दुर्घटनामा मोटरसाइकल चालक मोरङको धनपालथान गाउँपालिका-५ का ३५ वर्षीय सुरजकुमार सरदारको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका सरदारलाई उपचारका लागि विराटनगरको कोसी अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेको कार्कीले बताए । शव पोस्टमार्टमका लागि कोसी अस्पतालमै राखिएको छ ।

त्यस्तै खोटाङको बुइपाबाट दिक्तेलतर्फ आउँदै गरेको बस माथिल्लो बुइपामा दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । प्रदेश १-०५-००१ ख ००१७ नम्बरको बस आइतबार बिहान पौने ११ बजे दुर्घटना भएको हो । दुर्घटनामा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ बुइपाका २ ९ वर्षीय वीरेन्द्र घिमिरे, सोही ठाउँका २८ वर्षीया दिलकुमारी श्रेष्ठ, रावाबेसी गाउँपालिका-२ खार्पाका २० वर्षीय कुशल सार्की दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१५ विजयखर्कका ७३ वर्षीय आइते सार्की, सोही ठाउँका २७ वर्षीया सुस्मिता ढुङ्गाना र हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीकी १६ वर्षीया रेणुका भुजेल घाइते भएका हुन् । तीमध्ये रेणुका भुजेल, वीरेन्द्र घिमिरे र दिलकुमारी श्रेष्ठलाई थप उपचारका लागि हेलिकोप्टर मार्फत् काठमाडौं लगिएको छ । भुजेल गर्भवती रहेको प्रहरी नायव उपरीक्षक मन्जिल मुकारुङले बताए । उनीहरुमध्ये घिमिरेको महाराजगन्जस्थित टिचिङ हस्पिटल र भुजेल र श्रेष्ठको चाबहिलको हेल्पिङ ह्याण्ड अस्पतालमा उपचार भइरहेको मुकारुङले बताए । उनीहरुको स्वास्थ्य अवस्था जोखिम नभएको मुकारुङको भनाइ छ ।

अन्यको दिक्तेल अस्पतालमा उपचार भइरहेको छ । उनीहरुको पनि अवस्था सामान्य नै रहेको डीएसपी मुकारुङले बताए । दुर्घटनापछि चालक र सहचालक फरार रहेको र उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ । के कारणले दुर्घटना भयो भन्ने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तुनिषा शर्मा आत्महत्या प्रकरणमा खान पक्राउ



एजेन्सी । टिभी अभिनेत्री तुनिषा शर्माको आत्महत्या प्रकरणमा उनका सह-कलाकार शीजान खान पक्राउ परेका छन् ।

थाने जिल्लाको वालिव प्रहरीले शीजान खानमाथि आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरेको छ । उनलाई सोमबार अदालतमा पेश गरिने छ । तुनिषा शर्माले शनिबार सुटिङको सेटमा नै आत्महत्या गरेकी थिइन् । उनी २० वर्षकी थिइन् । प्रहरीका अनुसार सुटिङका बेला ब्रेक हुँदा तुनिषा शर्मा आफ्नो मेकअप रुममा गएकी थिइन् तर, उनी निश्चित समयमा सुटिङ स्थलमा पुगिनन् । उनले भने, 'त्ससपछि केही मानिसहरु उनलाई भेट्न गए र बोलाए तर उनले ढोका खोलिनन् । ढोका खोलेर हेर्दा उनले आत्महत्या गरिसकेकी थिइन् ।' एसीपी चन्द्रकान्तले तुनिषाकी आमाले उजुरी दिएको र अनुसन्धान भइरहेको बताए ।

**को थिइन् तुनिषा शर्मा ?**

तुनिषाले सन् २०१५ मा टिभी सिरियल 'भारत का वीर पुत्र - महाराणा प्रताप' बाट आफ्नो करियर सुरु गरेकी थिइन् । त्यसपछि उनले 'चक्रवर्ती अशोक सम्राट' नामक सिरियलमा पनि काम गरिन् । उनले 'इश्क सुभान अल्लाह', 'इन्टरनेट वाला लभ' जस्ता सिरियलमा पनि काम गरेकी थिइन् । सन् २०१६ मा उनले फिल्म 'फितूर' बाट आफ्नो बलिउड करियर सुरु गरेकी थिइन् । यसमा उनले अभिनेत्री कट्रिना कैफको बाल्यकालको भूमिका निभाएकी थिइन् ।

# साउदीमा एक नेपालीको मृत्यु

झापा(प्रस) । वैदेशिक रोजगारको क्रममा साउदी अरेबिया पुगेका एकजना नेपालीको निधन भएको छ ।

धनकुटा ७ का मुकेश राईको हृदयघातबाट मृत्यु भएको हो । राई रोजगारीको क्रममा साउदीको पूर्वी प्रान्त अलखोबर-दमामा शहरमा १० वर्षअघि प्रतिष्ठित सुपर मार्केटमा काम गर्दै आएका थिए । गत १७ डिसेम्बर मध्यान्ह करिब १२:४० हृदयघातका कारण अस्पताल पुग्न नपाउँदै बाटोमै उनको मृत्यु भएको थियो । कम्पनीमा सँगै काम गर्ने मेखबहादुर मैनालीका अनुसार मृतक राईले सुरुमा मुटु दुख्ने समस्या देखाएलगतै अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हो । अस्पतालले हृदयघातबाट राईको मृत्यु भएको पुष्टि गरेको छ । राईको शव नेपाल पठाउने गृहकार्य भइरहेको छ । राईकी श्रीमती र एक छोरा छन् ।

# पुष १५ गतेदेखि 'अवैध' मोबाइल नचल्ने

झापा(प्रस) । भन्सार प्रणाली छलेर भित्रियाएका मोबाइल प्रयोग निरुत्साहित गर्ने उद्देश्यसहित स्थापना गरिएको 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस)' आउँदो शुक्रबारदेखि पूर्ण रूपमा सञ्चालनमा आउने भएको छ । यसअघि असोज १ गतेदेखि परीक्षणका रूपमा सञ्चालनमा ल्याइएको यो प्रणालीलाई नेपाल दूरसञ्चार प्राधिकरणले पूर्ण रूपमा सञ्चालनमा ल्याउन लागेको हो ।



प्राधिकरणले सार्वजनिक सूचना जारी गरेर शुक्रबारदेखि एमडीएमएस पूर्ण सञ्चालनमा आउने भएकाले असोजयता व्यक्तिगत तवरबाट ल्याइएका मोबाइल दर्ता गरेरमात्र प्रयोगमा ल्याउन अनुरोध गरेको छ ।

प्राधिकरणले गत भदौ मसान्तसम्म प्रयोगमा रहेका जुनसुकै मोबाइल आफ्नो प्रणालीमा स्वतः दर्ता गरिसकेको छ ।

# दाहाल–ओली सहकार्यको मसालद्वारा विरोध

झापा(प्रस) । नेकपा मसालले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले एमालेसँग गरेको सहकार्यको विरोध गरेको छ । पाँच दलीय गठबन्धनले लामो समयदेखि एमालेले नेतृत्व गरेको प्रतिगमनको विरुद्ध संघर्ष गर्दै आएको भन्दै मसालले एक विज्ञप्तिमार्फत गत निर्वाचनमा प्रतिगमनविरुद्ध पाँचदलीय चुनावी तालमेल समेत भएको स्मरण गरेको छ ।



तर, गठबन्धनको तर्फबाट प्रधानमन्त्री पद नपाएको हुनाले दाहालले आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि एमालेसित साँठगाँठ गर्ने कार्य गर्नु सिद्धान्तहीन, अराजनीतिक र हद दर्जाको अवसरवादी कार्य भएको महासचिव मोहन विक्रम सिंहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । त्यो कार्य जनतासित ठूलो धोका पनि भएको मसालको ठहर छ ।

प्रधानमन्त्री बन्नका लागि दाहालले सबै प्रतिगामी शक्ति तथा अमेरिका र भारतीय साम्राज्यवादपरस्त तत्वहरूसित गठबन्धन गरेको पनि मसालले आरोप लगाएको छ ।

# नेपालमा सक्रिय कोरोना संक्रमित घटे

झापा(प्रस) ।नेपालमा सक्रिय कोरोना संक्रमित घटेका छन्। पछिल्लो समय कोरोना संक्रमित कम थपिएका कारण संक्रमित घटेका हुन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा परीक्षण ११५२ नमूना परीक्षण गरिएको छ।

मन्त्रालयका अनुसार ५९२ नमूनाको पीसीआर र ५६० नमूनाको एन्टिजेन विधिबाट परीक्षण भएको थियो।

जसमध्ये पीसीआरबाट १ र एन्टिजेनबाट १ जनामा संक्रमण देखिएको हो।

थप २ जना डिस्चार्ज भएका छन्। हाल सक्रिय संक्रमितको संख्या ११ रहेको मन्त्रालयले जनाएको छ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


# मधेसमा बढ्यो सम्बन्धविच्छेद

झापा(प्रस) । मधेसी समाजमा पहिले सम्बन्धविच्छेदका घटना निकै कम सुनिन्थ्यो। बिहेपछि छोरीले घरमा थोरबहुत सहेर मिलेर बस्नुपर्छ भन्ने मान्यताका कारण वैवाहिक सम्बन्धमा समस्या आउँदा अभिभावकले परिवार र समाजमै मिलाउने प्रयास गर्थे। समस्या अदालतसम्म विरलै पुग्थ्यो। तर, पछिल्लो अवस्था फरक छ।



पढेलेखेका अधिकांश युवायुवतीले बिहेपछि सम्बन्ध राम्रो हुन नसक्दा पिल्सिएर बस्नुको साटो स्वतन्त्रतापूर्वक जीवनयापन गर्ने चाहना राख्ने गरेको देखिन्छ। गत फागुनमा विवाह गरेका रामगोपालपुर नगरपालिका-५ का डा. पंकज चौधरीले श्रीमती नेहा चौधरीविरुद्ध सम्बन्धविच्छेदको मुद्दा दायर गरेका छन्। महोत्तरी जिल्ला अदालत जलेश्वरमा श्रीमतीले आफूउपर घरेलु हिंसा र दाइजोको आरोप लगाउँदै मुद्दा चलाएपछि पंकज सम्बन्धविच्छेदको बाटोमा लागेका हुन्। श्रीमती झगडालु भएको र मानसिक समस्यासमेत रहेको जिकिर उनले गरेका छन्। नेहाले भने आफूमा मानसिक समस्या नरहेको बताएकी छन्। नेहालाई ससुराली पक्षका सदस्यले डिभोर्स गर्न र आफ्नो मुद्दा फिर्ता लिन दबाब दिइरहेका छन्। जिल्ला अदालत महोत्तरीमा एक वर्षअघि दिएको मुद्दाको सुनुवाइ नहुँदा गौशाला ५ का मोहम्मद अझरुद्दिन तनावमा छन्। अदालतले बारम्बार तारेख मात्र दिएको तर मुद्दाको स्थायी रूपमा समाधान नगरी उनलाई महिनामा एकपटक अदालत जानुपर्ने बाध्यता छ । जसकारण उनलाई आर्थिकसँगै मानसिक तनाव थपिएको छ। श्रीमती गुलिस्ता प्रवीणले अंश/मानाचामलसम्बन्धी मुद्दा दायर गरेपछि आफूले स्थायी समाधानका लागि यो कदम उठाएको उनको भनाइ छ। 'मैले समयमै सो मुद्दाको प्रतिउत्तर लगाएँ। त्यसपछि श्रीमती गुलिस्ता प्रवीणसँगको सम्बन्ध दीर्घकालीन रूपमा टिक्न नसक्ने अवस्था देखेपछि कानुनी रूपमै अलग हुने निचोडमा पुगेको हुँ', उनी भन्छन्। यसरी मधेसका आठमध्ये पाँच जिल्लामा अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष सम्बन्धविच्छेदका मुद्दा अत्यधिक बढेको देखाउँछ। पर्सामा ०७७/७८ मा १ सय ८३ मुद्दा परेकामा ०७८/७९ मा त्यो संख्या २ सय ५८ पुग्यो। धनुषामा ४९ वटाबाट बढेर २ सय २४ पुग्यो। सप्तरी मा १ सय ४२ वटा थियो २ सय ५ भयो। सिरहामा २ सय १६ बाट बढेर २ सय ५५ र सर्लाहीमा २ सय ३४ बाट बढेर ३ सय १३ पुग्यो। पर्सा जिल्ला अदालतमा २०७०/७१ मा ६० वटा मुद्दा मात्र दर्ता भएका थिए। २०७८/७९ मा त्यसको चार गुणा बढेर २ सय ५८ वटा पुगेको तथ्यांकले देखाएको छ। २०७० यता हरेक यस्ता मुद्दा दर्ता बढ्दो क्रममा रहेको अदालतका स्रेस्तेदार अरुणकुमार कोइराला बताउँछन्। उनका अनुसार २०७१/७२ मा १३३, २०७२/७३ मा १५१, २०७३/७४ मा १७९, २०७४/७५ मा १२५,२०७५/७६ मा २२०, ०७६/७७ मा १६३ र २०७७/७८ मा १८३ वटा मुद्दा दर्ता भए। सर्लाही जिल्ला अदालतको २०७६/७७ को तथ्यांक हेर्दा १ सय ८६ वटा लगत छ। फछ्र्यौट भएका मुद्दाको संख्या १ सय ४ वटा देखिन्छ। ०७७/७८ लगत २ सय ३४ छ भने फछ्र्यौट १ सय ३२। गत आवमा लगत ३ सय १३ छ भने फछ्र्यौटको संख्या २ सय १२ छ । सम्बन्धविच्छेदका घटना बढ्नुमा सबैभन्दा मुख्य कारण दाइजो रहेको महिला अधिकारकर्मी रम्भा झा बताउँछिन्। अन्य कारणमा बालविवाह, सन्तान नपाउनु, छोरा नपाउनु आदि छन्। अश्लिल गीत र भिडियोका कारण पनि घटना बढेको दाबी झा गर्छिन्। अधिवक्ता वीरेन्द्रप्रसाद यादव भने सम्बन्धविच्छेदका घटना बढ्नुमा एउटा विशेष कारण मात्र नभई थुप्रै कारण रहेको बताउँछन्। त्यसमध्ये पनि मधेसी समुदायमा सबैभन्दा बढी घरेलु हिंसाकै कारण सम्बन्धविच्छेद हुने गरेको उनको ठम्याइ छ। ' मधेसी समाजमा पहिले बुहारीहरू सासू र ससुराको कडा परिबन्धमा घरभित्रै बस्नुपर्ने चलन थियो। तर, अहिले समय फेरिएको छ। मधेसका छोरीचेली शिक्षित र सचेत हुँदै गएका छन्। बिहे भएर घरमा जाँदा सासू, ससुराको पुरातनवादी सोचमा बस्न चाहँदैनन् ', अधिवक्ता यादव भन्छन्, 'जसकारण परिवारभित्रै द्वन्द्व हुन्छ। अनि उ माथि हिंसा पनि हुन्छ। त्यो सह्य नभएर बुहारीहरूले मानाचामलको माग गरेर अदालतमा डिभोर्सका लागि मुद्दा दिने संख्या बढ्दै गएको छ।' केही वर्षयता अदालती विवाह (कोर्ट म्यारिज) भन्दा डिभोर्स (सम्बन्धविच्छेद) मुद्दा संख्या बढेको यादवको भनाइ छ। छोराछोरीको उमेर नपुग्दै करकापमा बिहे गरिदिने गरेका कारण पनि पर्सामा बर्सेनि सम्बन्धविच्छेदका घटनामा वृद्धि हुँदै गएको स्रेस्तेदार कोइराला बताउँछन्। वैदेशिक रोजगारीले पति र पत्नीबीच सम्बन्धविच्छेद हुने गरेको उनको भनाइ छ।


जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### कोरोनाप्रति सजग बनौं

जापानको टोकियो महानगर सरकारले कोभिड संक्रमण बढेसँगै बिहीबार सेप्टेम्बर ८ पछि पहिलो पटक चार स्तरीय स्केलमा चिकित्सा तयारीको लागि आफ्नो सतर्कतालाई उच्च स्तरमा बढाएको छ।

जापानमा कोरोना भाइरसको आठौँ लहर चलिरहेको छ। यो लहरमा दुई लाख ५० हजार भन्दा बढी संक्रमित भएका छन्। स्वास्थ्य मन्त्रालय र स्थानीय सरकारका अनुसार आठौँ लहरमा देशभर दुई लाख ५० हजार जना संक्रमित थपिएका हुन्। कोभिड-१९ का गम्भीर बिरामीको संख्या बढ्दै गएको र थप स्वास्थ्यकर्मीहरू भाइरसबाट संक्रमित भएका वा नजिकको सम्पर्कमा आएकाले राजधानीमा चिकित्सा सेवा प्रणाली जोखिम पूर्ण अवस्थामा भएको अधिकारीहरूले बताएका छन्। टोकियोमा २१ हजार एक सय ८६ नयाँ बिरामी थपिएका छन्। गत साताको तुलनामा राजधानीमा दुई हजार तीन सय ७४ जना संक्रमित फेला परेका हुन्। टोकियोमा लगातार बिरामी बढेका छन् ।

ओसाका, कानागावा, साइतामालगायत प्रमुख शहरमा पनि कोभिड-१९ का संक्रमित बढेका छन् । पछिल्लो महामारीका कारण ३ सय बढीको मृत्यु भएको छ। जापानमा मात्र होइन , कोरोनाको जन्मथलो चीनमा पनि यतिबेला कोरोना संक्रमण फेरि बढेको छ । त्यस्तै नेपालको अर्को छिमेकी देश भारतमा पनि कोरोनाको नयाँ भेरियन्ट देखा परिसकेको छ । त्यसकारण हामी नेपालीहरु पनि अछुतो रहन सक्दैनौं । नेपालमा पनि कुन दिन कोरोना भित्रिन सक्छ भनेर टुंगो छैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसका संक्रमण बढिरहेकाले सबैलाई अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले संक्रमण छिमेकी भारत र चीनमा बढिरहेकाले सबैलाई बुस्टर डोज लगाउन आग्रह गरेका हुन्।

छिमेकी मुलुकमा देखिएको बिएफ-७ नामक प्रजातिको नयाँ भेरियन्ट खुला सिमानाका कारणले नेपालमा भित्रिन सक्ने भएकाले सजगता अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ। नेपालमा हालसम्म नयाँ प्रजातिको बिएफ-७ नामक भाइरस देखिएको छैन।

मन्त्रालयले पहिलो र दोस्रो मात्रा खोप लगाएका व्यक्तिले अनिवार्यरूपमा बुस्टर डोज लगाउन भनेको छ। सरकारले बुस्टर डोजका लागि भने खोप ल्याउने तयारी गरेको छ। यस्तै मन्त्रालयले संक्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुन पानीले हात धुन वा स्यानिटाइजर नियमित प्रयोग गर्नसमेत आग्रह गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक स्थलमा जाँदा अनिवार्य रूपमा मास्क प्रयोग गर्न आग्रह गरेको छ।




# राजनीतिक बाध्यताको गठबन्धन



डा.पदमराज कलौनी

संसारमा सबैभन्दा वैज्ञानिक , प्रभावशाली र शक्तिशाली जनमत चुनावलाई मानिन्छ । २०७९ मंसिर ४ मा सम्पन्न निर्वाचनद्वारा लैङ्गिक तथा समावेशी प्रतिनिधित्वतर्फ स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश तहमा ३६.३६ प्रतिशत र संघीय तहमा ३३.८३ प्रतिशत महिलाको प्रतिनिधित्व देखिएको छ । संघ र प्रदेशमा व्यक्त भएको जनमत कुनै एउटा दल वा गठबन्धनलाई प्राप्त छैन । आ-आफ्नै आन्तरिक द्वन्द्वले गिजोलिएका राजनीतिक दलले निर्वाचनपूर्वको गठबन्धनभन्दा बाहिर गएर सरकार निर्माण गर्नुपर्नेछ। निर्वाचनले नेताहरूका बहुचरित्रको पर्दाफास गरेको छ। राष्ट्रियस्तरका ठूला भनिएका राजनीतिक दलको आकार खुम्चिएको छ। प्राप्त जनमत कुनै एउटा गठबन्धनले सरकार चलाउन सक्ने छैनन्। केही परम्परागत मतदाताबाहेक सहरिया मतदाता वैचारिक रूपमा पलायन भएको सङ्केत पाइन्छ । गणतन्त्रको नामले देखिएका अवसरवाद , कुशासन , परिवारवाद आदिलाई जनमतले पृष्ठपोषण गरेन । नेतालाई गणतान्त्रिक संस्कारमा खरो उत्रन लक्षित गरेको छ । गणतन्त्रका हिमायती दलहरू सुध्रेनन् भने वैकल्पित शक्तिका रूपमा स्वतन्त्र दल र राप्रपालाई अवसर दिने संकेत स्पष्ट छ । राजनीति विकासका लागि हो भन्ने खबरदारी मतदाताले गरेका छन्। मनपरि चलाएर मोजमस्ती गरिरहेका दललाई सुविधाजनक सरकार बनाउने जनमत नदिनुले मतदाताले सुझबुझसाथ मतदान गरेको पाइन्छ।

राजनीतिमा युवा वर्गलाई मतदाताले पत्याएको देखिएन। निर्वाचनमा नयाँ शक्तिका रूपमा नयाँ नौला सांसद संसदमा प्रवेश गर पनि उनीहरू हस्तक्षेप गरिहाल्ने अवस्थामा छैनन्। राजनीतिक रूपमा अभिभावकत्व र नेतृत्व दिन चुकेका शीर्ष नेतृत्वले आगामी दिनमा वैचारिक र आचरणगत शुद्धीकरण गर्न सकेनन् भने आगामी निर्वाचनको परिणाम डरलाग्दो पाउने छन्। राजनीतिक खेलबाट बाहिरिने सङ्केत पाइन्छ। सत्ताको चाबी पाएर पनि जनहितमा काम गर्न नसक्ने नेतालाई फरक रूपमा परिभाषित गरिएको छ। व्यक्त भएको जनमतको सन्देशले कसैलाई पनि सरकारका रूपमा पत्याइएको अवस्था छैन। यस्तो अवस्थामा संसदमा सबैभन्दा ठूलो दललाई समर्थन गरी सरकारबाहिर बसेर रचनात्मक सहयोग गरी जनतालाई विश्वास दिलाउनु आवश्यक छ। समर्थनको नाममा सरकारमा जाने तिगडमले राजनीतिक संकट झन् झन् निम्तिनेछ। नेताले आफ्नो कार्यशैलीका बारेमा गहन छलफल गर्नु आवश्यक छ। नेपालको संविधानमा जेजति अधिकार स्थापित गरेको दलिल पेस गरे पनि यो कसैको दया र कृपाले स्थापित भएको होइन भन्ने विषयमा जनता ढुक्क छन्। आधुनिक सूचना प्रविधिको चरम विकासको असर नेताभन्दा जनतामा धेरै परेको छ। अधिकार दिने वा लिने भन्ने विषय कसैको पेवा होइन।

सबैजसो दलमा वंशवाद र भ्रष्टाचारले पकड बनाएको छ। प्रत्यक्षमा दिइने टिकट र समानुपातिकमा पारिने उमेदवारका विषयमा कोही अनभिज्ञ छैनन्। देशका कार्यकारी पद जसरी पनि परिवारकै पकडमा राखिनुपर्ने र कथंकदाचित पदलाई बाहिर दिनु परेको अवस्थामा आफ्नै नातागोता वा 'हुन्छ' भन्नेलाई दिइने प्रथाविरुद्ध जनमत देखिन्छ । प्रत्यक्षतर्फको टिकट दिइँदा आफू र आफ्नालाई कहाँ सुरक्षित गर्न सकिन्छ भन्ने खेलले जनमत प्रभावित भएको छ। एक पटक घोत्लिएर सोचौँ र मनन गरौँ! इतिहासलाई हेरौँ। राणा शासन कसका लागि थियो, शाही शासन र पञ्चायती व्यवस्था कसका लागि थियो ? समावेशीसहितको कथित सङ्घीय लोकतन्त्र कसका लागि भइरहेको छ ? कुनै अमूक नेताको भरिया वा करिया भएर नसोचौँ ! चेतनशील भएर सोचौँ। पञ्चायती व्यवस्था फाल्ने नाममा होस् वा जनयुद्ध र शाही शासनकाललाई पल्टाउने नाममा हजारौँ नेपाली युवालाई सरकार र आन्दोलनकारीका तर्फबाट धेरै यातना दिइएको छ। कैयौँ बेपत्तामा सूचीकृत छन्। नेताहरूमा बढ्दै गएको 'मै खाऊँ मै लाऊँ' भन्ने संस्कारले प्राप्त लोकतन्त्र ओरालो लाग्ने जोखिममा छ। संवैधानिक अधिकारको अभ्यासमा केही सीमित नेता र तिनका परिवारजनको सम्बन्धमा केन्द्रित भएको छ। राजनीतिमा परिवारविशेषको हालीमुहाली देखिनु दुःखद छ। दलका कार्यकर्ता कमजोर भएका छन्। परिवारवादले प्रत्येक दलमा शक्तिशाली वर्चस्व कायम गरेको छ।

बिरामीले चिकित्सकबाट उपचार नपाएको अवस्थामा चिकित्सक फेरेझैँ जनताले पनि आफ्ना समस्या समाधान गर्न नसक्नेलाई प्रतिनिधिबाट पन्छ्याउनु अस्वाभाविक होइन। नेपालको संविधानमा समावेशी, गणतन्त्र, धर्मनिरपेक्षलगायतका विषयवस्तु थुपारेर व्यवहारमा उतार्न नसक्नु संविधानको बरखिलाफ र उल्लङ्घन गर्नु हो। नेपालको संविधानमा अनेकन अधिकार लिखितम् गरेको निहुँमा कार्यकारी अधिकारको प्रयोग सीमित परिवारमा केन्द्रित गराउने परम्पराले भावी दिन सहज देखिँदैनन्। झन्डै २३८ वर्ष पुरानो वंशवाद र परिवारवादको विरासतबाट मुक्ति पाएका जनतालाई परिवादले पुऱ्याएको घातक परिणामले 'प्रजा' बनाएको तीतो सत्य बिर्सेका छैनन्। वंशवाद लाद्ने नेताविरुद्ध वकालत गर्नेहरू दलबाट पाखा लगाइएका छन्। प्राप्त जनमतको परिणामले प्रत्येक नेतालाई शंका र आशंकाको घेरामा राखेको छ। आमजनतामा राजनीति र नेतृत्वप्रति घृणा र कुण्ठा देखिन्छ। राजनीतिक दलमा दुष्प्रचार, धनबल र भ्रष्टाचारले प्रश्रय पाइरहेको छ। अब केही सुधार होला भन्ने आशा तुहिँदै गएको छ। स्वतन्त्रताको भावनामा कमी आएको छ ।


तीनै तहका सरकार प्रभावकारी देखिनुपर्ने अवस्था छ। राजनीतिक र प्रशासनिक नियुक्तिमा योग्यताभन्दा राजनीतिक सम्बन्धलाई आधार बनाइएको छ। संवैधानिक आयोग, कूटनीतिक आयोग, न्यायालयदेखि कार्यालयसम्म पार्टीका कार्यकर्ताको दबदबा छ। राजनीतिक आडमा खुलेआम भ्रष्टाचारले मलजल पाइरहेको छ। परिश्रम, दक्षता र योग्यतालाई चाटुकारिता र परिवारवादले निस्तेज गरेको छ। अहिले पनि हुकुमी आदेश कानुनसरह चलायमान छ। नेताहरूले राज्यका विभिन्न क्षेत्रलाई निजी सम्पत्ति बनाएका छन्। वंशवादको राजनीति देशका लागि चुनौती बनेको छ। 'गुरु मर्ने र विद्या सर्ने' रोगले नेपाली राजनीति संक्रमित भएको छ। फलस्वरूप जनअधिकारमा ग्रहण लगाएको छ।

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको स्थान अत्यन्त महत्वपूर्ण हुन्छ। दलहरू सामाजिक व्यवस्थामा शक्तिलाई वितरण गर्ने र सत्ताका आकांक्षी भएर समूह परिचालन गर्छन्। परिचालन मात्र होइन कि प्रतिनिधित्व पनि गर्छन्। परस्परविरोधी हितलाई सारणीकरण, अनुशासन र सामञ्जस्य गर्न नसक्दा व्यावहारिक राजनीति फितलो भइरहेको छ। बहुदलीय राजनीतिक पद्धति भएका देशमा गठबन्धनमार्फत सरकार निर्माण गर्ने दलका बीचमा सम्झौता हुन्छ। सम्झौताअनुसार मन्त्रिपरिषद् सञ्चालन गर्न साझा लक्ष्य र उद्देश्यलाई संहिताबद्ध गर्छन्। संसदीय व्यवस्थामा कुनै पनि दलले सरकार बनाउने स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा मिलिजुली सरकार गठन हुन्छ। हामीकहाँजस्तो गठबन्धन गर्नुपर्ने कारण गोप्य राखिँदैनन् । नेपालजस्तो आर्थिक अवस्थामा कमजोर भएका मुलुकमा मध्यावधि निर्वाचन भनेको देशलाई टाट पल्टिने जुक्ति हुन्छ।

गठबन्धन गरी निर्वाचनमा गएका दलको स्पष्ट बहुमत नआउनुले सरकार बनाउन थोरै असहज त भएको छ तर पनि संसद्ले जसरी पनि संविधानका धारा टेकेर सरकार निर्माण गर्नैपर्छ। चाहेर वा नचाहेर राजनीतिक दलले सरकार निर्माण गर्न गठबन्धन गर्नुपर्नेछ । यसले भोलिका दिनमा दलमा व्यावहारिक रूपमा सहिष्णुता देखिएला भन्नु हतार हुन्छ। आफूसँग असहमत हुनेबित्तिकै विपक्षीलाई गाली गर्दै भोट माग्ने संस्कार बोकेका नेताले गठबन्धनको सरकारलाई दिगो चलाउन सकसपूर्ण हुनेछ। अहिलेसम्मको अनुभवमा गठबन्धन सरकारका लागि राजनीतिक दलसँग सम्बन्ध विज्ञ समूहले साझा आधार निर्माण गरेको देखिँदैन।

यसको तात्पर्य नेताहरूले आफूलाई सजिलो हुने गरी पदको बाँडफाँट गर्ने गरेको अवस्था छ। लेनदेनमा आधारित सम्झौता लेनदेनमा असहज हुनेबित्तिकै कमजोर हुन्छ। गठबन्धन कमजोर पार्ने प्रमुख तत्वका रूपमा दलीय आन्तरिक द्वन्द्व प्रमुख हुन्छ । संसदमा देखा परेको अंकगणितले भोलिका दिनमा कुर्सीका लागि दुई-चार जनाको समूहले पार्टी फुटाएर वा अन्य दललाई विश्वास दिलाएर जुनसुकै समयमा कुर्सी खोस्ने खेल चल्ने निश्चित छ। गठबन्धन साझा दृष्टिकोणभन्दा नेताहरूको स्वार्थमा टिक्ने हुँदा भावी दिनमा सरकारका निर्णय ढिलो हुने, कार्यान्वयनमा समस्या देखिने र स-साना विषयमा किचलो भइरहने सम्भावना बनिरहनेछ।

# मेलम्चीको पानी व्यवस्थापन



• डा. शान्तिकृष्ण अधिकारी

'नपाउनेले केरा पायो बोक्रैसमेत खायो । ' यो उखान मंसिरको आधाआधीदेखि काठमाडौँ उपत्यकाका केही भेगमा चरितार्थ भएको देख्न पाइन्छ। काकाकुलको उपमा पाएका काठमाडौँका जनताले मेलम्चीको पानी घरघरका धाराधारामा आएदेखि राहत महसुस गरेका छन्। सन्तनेता कृष्णप्रसाद भट्टराईको राजधानीवासीलाई पानी खुवाउने योजना र सफा स्वच्छ पानी पिउने सहरिया जनताको सपना हाललाई पूरा भएको छ। फेरि असार-साउनको वर्षाको पानीले अवरोध गर्ने त होइन भन्ने त्रास पनि उत्तिकै छ। जे होस्, केही समयलाई नै भए पनि राजधानीका जनताले सुखको सास फेरेका छन्। पानीको उपभोगका बारेमा भने खासै सन्तोष गर्ने ठाउँ छैन।

राजधानीका सडकमा दौडने पानीका ट्यांकरको सङ्ख्या ह्वात्तै घटेको छ। जारको पानी किनेर खाना पकाउँदै आएकाहरूले धाराकै पानी थापेर खाना पकाउन पाएका छन्। पानीको अभावमा एक हप्तासम्म ननुहाउनेहरूले दिनहुँ नुहाउन पाएका छन्। घाँटीमा कलेठी परिसक्दा पनि कपडा धुन नपाएर त्यत्तिकै लगाउन बाध्य भएकाहरूले सफा लुगा लगाएका छन्। अम्खोराको पानीले भाँडा माझ्दै आएका राजधानीवासीले सिधै धारा खोलेर भाँडा सफा गर्नसमेत पाएका छन्। यी सबै काम गर्न मेलम्चीको पानी काठमाडौँ झारिएको हो। यी कुरा न्यूनतम आवश्यकताभित्रै पर्छन् तर केही उपभोक्ताले गरेको पानीको दुरुपयोग भने रोक्नैपर्ने देखिन्छ।

वि.सं. २०४८ मा किसुनजीले भाषण गर्दा मेलम्चीको पानी काठमाडौँ ल्याएर सडकसमेत धुन पुग्ने व्यवस्था गरिदिन्छु भन्नुभएको थियो। त्यही भएर होला, अहिले सडकमा पानी बगाइएको ? काठमाडौँका सबै भागमा अझै मेलम्चीको पानी पुगेको छैन भन्ने कुरा अहिले उपभोग गर्न पाएका उपभोक्ताले ख्याल गरेको देखिँदैन। आफूले केही कम पानी चलाए त्यसले अर्कोलाई काम लाग्छ भन्ने सोचाइ राख्नुपर्छ। पानी पिचमा बगाएर ढलमार्फत खोलामा पुऱ्याउने र त्यसलाई दक्षिणतिर बगाउने लक्ष्यका साथ मेलम्ची यहाँ ल्याइएको होइन। यो कुरा राजधानीवासीले सोच्न र बुझ्न आवश्यक छ। अधिकांश ठाउँमा पानीको सदुपयोगभन्दा पनि दुरुपयोग भएको देखिएको छ। यसमा सम्बन्धित निकाय तत्काल सचेत भई उपयुक्त कदम चाल्नुपर्छ। मेलम्चीको पानी झरेका घरको मान्छेका प्रवृत्ति हेर्दा राजनीतिक लाभका पदमा पुगेकाहरूको जस्तै देखिएको छ। पदबाट फुत्केपछि उही सार्वजनिक यातायात चढेर हिँड्नुपर्नेले पद पाएका बेलामा आफू, पत्नी र छोराछोरीलाई मात्रै होइन कि आफ्ना निजी सहायक र तरकारी किन्न जानेलाई पनि एक/एकवटा गाडी र ती गाडीका निमित्त सरकारी तेल, ड्राइभर र मर्मत खर्चको व्यवस्था गर्ने गर्छन्। अझ आफू त लाखौँ पर्ने गाडीले हुँदैन, तीन-चार करोड मूल्य पर्ने गाडी चढ्छन्। ठ्याक्कै त्यस्तै, पाएमा दुरुपयोग गर्न कसैले छाड्ने रहेनछ भन्ने कुरा मेलम्चीको पानीका उपभोक्ताले प्रमाणित गरिरहेका छन्।

पाहुना आउँदा पानी पिउन दिन नसक्नेहरूले दैनिक आफ्ना घरमा भएका सवारीसाधन धोएर टिलिक्क टल्काउने गरेका छन्। कसैका घरमा बोटबिरुवा छन् भने तिनका पातपातमा पानी खन्याएर धुलो झार्न व्यस्त हुनेहरू पनि भेटिन्छन्। घरका पिँढी, आँगन र पर्खाल यही पानीले सफा गरिरहेको देख्न पाइनु सामान्य नै भएको छ। यस्ता सबै काम सकिएपछि पनि धारामा पानी आइरह्यो भने बाटोमा त्यत्तिकै बगाइदिएको पनि देखिन्छ। दुई सय रुपियाँको एउटा खोल्ने बन्द गर्ने साँचो घरको पाइपमा हालेर आफ्नो आवश्यकता पूरा भएपछि बन्द गर्ने परिपाटी बसाल्नुपर्छ। वि.सं. २०४८ देखिको सपना र बीसौँ वर्षदेखिको योजना पूरा गर्दा पनि पानी सदुपयोगको नीति र व्यवस्था गर्न व्यवस्थापन पक्ष चुकेकै देखिन्छ। मेलम्चीको पानी बाँड्न भनेर बिछ्याइएका पाइप ठाउँठाउँमा फुटेर खेर गइरहेको छ। पाइप फुटेपछि पानीको दुरुपयोग हुने त छँदै छ, पानीको स्वच्छतामा पनि असर पर्छ। पानी वितरण र व्यवस्थापनमा सबै अभ्यस्त भइनसकेका कारण कुनै ठाउँमा चाहिनेभन्दा बढी र कतै अपुग पनि भएको छ। कतिपय ठाउँमा त पाइप बिछ्याउने काम नै बाँकी छ भने त्यस्ता ठाउँका बासिन्दाले कहिले धारा खोलेर पानी खान पाउने हुन् भन्ने अझै यकिन हुन सकेको छैन।

यही राजधानीका कतिपय मानिसले यति स्वच्छ पानी पाउने र कतै पानी आपूर्तिका हिसाबले महानगरको बासिन्दा भएको अनुभूति नै नहुने अवस्था छ। त्यसैले राजधानीको पानी आपूर्तिलाई सहज बनाउन व्यवस्थापन र उपभोक्ता दुवैले सजगता अपनाउनैपर्छ। जसले अहिले पानी पाएका छन्, तिनले दुरुपयोग मात्रै रोकिदिने हो भने पनि केही सहज हुनेछ। व्यवस्थापन पक्षले कुनै क्षेत्रमा बढी र कुनैमा कम वितरण नगरी समान तबरले सुविधा उपलब्ध गराउन सक्नुपर्छ। योभन्दा पनि बढी पानीको गुणस्तरमा ध्यान दिएर यो पानी सिधै धाराबाट थापेर पिउन सकिन्छ भनी घोषणा गरेको सुन्न पाए राजधानीवासीलाई त्योभन्दा बढी हर्षको विषय केही हुने थिएन। राजधानीवासीले सोच्नुपर्छ कि यो पानी सिन्धुपाल्चोकतिरका बासिन्दाका सुविधा काटेर ल्याइएको हो। त्यहाँका खेतमा उपलब्ध हुने पानीको मात्रामा राजधानीवासीलाई सेवा पुऱ्याउँदा कमी हुन पुगेको छ। खोलामा जन्मने, हुर्किने र खेल्ने जलचरको सङ्ख्यामा पनि न्यूनता आएको छ। यसका कारण माछा मारेर जीवन पाल्नेहरूको दैनिकीमा सङ्कट उत्पन्न भएको छ। पानी यता ल्याइएपछि खोला बग्ने क्षेत्रमा परेको सोझो वातावरणीय असरभन्दा पनि त्यसका अप्रत्यक्ष असर अझ धेरै छन्। यति गरेर आएको पानीको दुरुपयोग गर्न हुँदैन भन्नेतर्फ सचेत हुनैपर्छ।

कम पानी प्रयोग गर्नेलाई कम शुल्क लगाउने व्यवस्था गर्नुपर्छ। दैनिक हजार लिटर मात्रै खर्च गर्ने घरलाई न्यूनतम शुल्क लिने र त्यसपछि जति बढी पानी खर्च हुन्छ, शुल्क बढ्ने दर उति नै बढी हुने व्यवस्था लागू गरेमा केही नियन्त्रण हुनसक्छ। अर्थात् दैनिक हजार लिटरलाई मासिक सय रुपियाँ, त्यसपछिको दुई सय लिटरलाई प्रतिलिटर पाँच रुपियाँ, त्यसपछिको दुई सय लिटरलाई प्रतिलिटर दस रुपियाँजति शुल्क लाग्ने व्यवस्था गरेमा दैनिक गाडी धुने उपभोक्ताले टालोले गाडी पुछ्ने अभ्यास गर्न थालिहाल्छ। मिटरमा युनिट हुने भएकाले लिटरको सट्टा युनिटमा यस्तै किसिमको शुल्क व्यवस्था गर्न सकिन्छ। अर्थात् न्यूनतम आवश्यकता परिपूर्ति गर्ने मात्रालाई अत्यन्त कम शुल्क र त्यसपछिको मात्रालाई अत्यधिक शुल्क लगाइनु पानीको दुरुपयोग रोक्ने एक सरल उपाय हो। मेलम्ची आयोजनाले घरघरमा वितरण गरेको कालो पाइपमा अझैसम्म कतिपय घरमा पानीको मिटर उपलब्ध गराउन सकेको छैन।

सबै घरमा मिटर उपलब्ध गराई जोड्न लगाउने र यदि नजोडेको पाइएमा त्यो घरमा कम्तीमा पनि छ महिनासम्म पानी नदिने व्यवस्था गरिनुपर्छ। पाँच हजार लिटरको ट्याङ्कर दुई हजार रुपियाँमा किन्दाकिन्दै ढाड सेकिएका मान्छेलाई छ महिना पानी रोकिन्छ भन्ने डर भएमा अनिवार्य मिटर राख्नेछन्। यसमा जसरी मापसे गरेका चालकलाई प्रधानमन्त्रीको फोन आए पनि प्रहरीले छाड्दैनन्, मिटर नजोडेका उपभोक्तालाई ठीक त्यस्तै व्यवहार गरिनुपर्छ।

अर्को कुरा पहिलेदेखि नै मेसिन लगाएर पानी तान्ने बानी परेका उपभोक्ता अहिले पनि मेसिनबाट पानी तानेका देखिन्छन्। मेलम्चीको पाइपमा आएको पानी मेसिन नलगाउँदा पनि पर्याप्त आउँछ तर अरूको भन्दा चाँडै आफ्नो घरको ट्याङ्की भरेको फुर्ती लगाउनमा नै सन्तोष मान्ने राजधानीवासी पनि पर्याप्त सङ्ख्यामा भेटिएका छन्। सबैले मेसिन नलगाउनु र सबैले मेसिन लगाउनुमा कुनै भिन्नता हुँदैन भन्ने बुझिदिएमा मेसिन चलाएको बिजुलीको खर्च बच्ने थियो। सबै अबुझ हुने हो भने यसमा पनि नियम कानुनको व्यवस्था गर्नैपर्छ। समग्रमा भन्नुपर्दा मेलम्चीको पानी वितरण गर्ने अवस्थासम्म आइपुग्दा व्यवस्थापन पक्षको धेरै ठाउँमा कमजोरी देखिएको छ। उपभोक्ता सच्चिनु त पर्छ नै, व्यवस्थापन पक्षले समेत तदारुकता देखाउनुपर्छ।

कुनै पनि कुराको दुरुपयोगले कहिल्यै लाभ दिँदैन। सदुपयोगबाट नै मुलुकले मात्रै नभई आफूले समेत फाइदा लिन सकिन्छ। मेलम्चीले मात्रै पुगेको छैन, ल्यार्के र याङ्री खोलाबाट समेत पानी काठमाडौँ ल्याउन बाँकी छ। तपाईंको घरको मात्रै समस्या मेटिएको हो। राजधानीका अन्य लाखौँ जनताका लागि खानेपानीको समस्या ज्युँका त्युँ नै छ। पानी आफूले मात्र होइन, आफ्ना नातिनातिनासमेतले खान पाउनुपर्छ भनेर सोच्नुपर्छ। सदुपयोगको नीति अपनायौँ भने पुस्तौँपुस्ताले यही पूर्वाधारमा पानी खान पाउने छन्। पानी ढलमा बगाएर पठायौँ भने भोलि के हुन्छ, कसैले भन्न सक्दैन।

# च्याफ्टिङमा आउनै छाडे पर्यटक

झापा(प्रस) । पर्यटक आउने मुख्य सिजनमै चिसो अत्यधिक बढेपछि तमोर नदीमा च्याफ्टिङका लागि आउने पर्यटकको संख्या घटेको छ । सिजन सुरु भएपनि मौसम थप चिसिइरहेकाले च्याफ्टिङका लागि आउने पर्यटकको संख्या घटेको पर्यटन व्यवसायीहरुको भनाइ छ । असोज सुरु भएदेखि नै वसन्तपुरको रुट भएर पर्यटक च्याफ्टिङका लागि तमोर नदीको शिरतर्फ जाने गर्थे । तर□ पुसको पहिलो साता बितिसक्दा पनि पर्यटक उल्लेख्य मात्रामा देखिएका छैनन् । यसको असर स्थानीय पर्यटन व्यवसायमा परेको पर्यटन विकास तथा प्रवर्द्धन समिति सदस्य प्रकाश श्रेष्ठको भनाइ छ । असोज महिना सुरु भएसँगै धेरै संख्यामा आउने विदेशी पर्यटकहरू यो सिजनमा कममात्र देखापरेको लालीगुराँस होटल चौकीका सञ्चालक उदयकुमार लोले बताए । पछिल्ला केही वर्षदेखि च्याफ्टिङका लागि आउने पर्यटकको संख्यामा नै कमी आइरहेको लोको भनाइ छ ।अघिल्ला वर्षहरूमा यो पदमार्ग भएर विभिन्न देशका पर्यटकहरू जलयात्राका लागि बोट (डुंगा) साथैमा लिएर तमोर नदीतर्फ उक्लिने गरेको भएपनि यो सिजनमा थोरै मात्र पर्यटक देखिएका छन् । पछिल्लो समय काठमाडौं र धरानका विभिन्न ट्राभल्स एजेन्सीले पर्यटकलाई स्थलमार्गमार्फत सार्वजनिक यातायातका साधन रिजर्भ गरेर वसन्तपुरसम्म साथैमा लिएर आउने गरेकाले यस क्षेत्रमा पर्यटकको चाप बढ्दो थियो । तर□ यो सिजनमा च्याफ्टिङका लागि आएका बाह्य पर्यटकको संख्या एकदमै न्यून रहेको पर्यटक पदमार्गमा पर्ने मादी नगरपालिका १ का वडाध्यक्ष नारायण कार्कीले बताए ।

काठमाडौंबाट सिधै हवाई यात्राको माध्यमबाट ताप्लेजुङ पुग्न सजिलो भएपनि पर्यटकले रमणीय गुराँसको भूमि तीनजुरे मिल्के जलजले क्षेत्रको दृष्यावलोकन गर्दै वसन्तपुरको बाटो भएर पदयात्रा गर्न मन पराउने गरेको टुरिस्ट गाइड तुला मगरले बताए । बाह्रै महिना चिसो र ठन्डी हावापानी रहने वसन्तपुर काठमाडौंबाट छुटेका पर्यटकको पहिलो गन्तव्य हो । तीन



वर्षअघि कात्तिक महिनामा जलयात्रा (च्याफ्टिङ) का लागि बेलायत, चेक रिपब्लिक, स्विट्जरल्यान्ड, अमेरिका, स्विडेन, फ्रान्सलगायत देशका पर्यटक वसन्तपुरको पदमार्ग भएर तमोर नदीतर्फ गएका थिए । तर□ त्यसयता यी देशका पर्यटक कम देखिएका छन् । अहिलेसम्म कुनै सरकारी तथा गैरसरकारी संघसंस्थाले यहाँ आउने पर्यटकको रेकर्ड राख्ने गरेका छैनन् । हवाई यात्राको तुलनामा स्थलमार्ग भएर आउँदा कम खर्चिलो र प्राकृतिक सौन्दर्यको आनन्द पनि एकै साथ लिन पाइने भएकाले पर्यटकले सम्भव भएसम्म स्थलमार्गलाई नै रोज्ने गरेका छन् । वसन्तपुरलाई पहिलो गन्तव्य बनाएर आउने पर्यटकले वसन्तपुरदेखि तमोर नदीको शिर ताप्लेजुङको दोभानसम्म तीन दिन पैदलयात्रा गरी त्यसपछि तमोर नदीमा जलयात्रा गर्दै सुनकोशी नदीमा पुगेर टुंग्याउने गर्छन् । अन्य नदीको तुलनामा तमोर नदीमा च्याफ्टिङ गर्दा धेरै रमाइलो हुने गरेको पर्यटकहरू अनुभव सुनाउँछन् ।केही वर्षअघिसम्म हवाई यात्राबाट सिधै ताप्लेजुङको तुम्लिङटार उत्रिने गरेका पर्यटक वसन्तपुरसम्म सडकमार्ग बनिसकेकाले यतैबाट आउन थालेका थिए । काठमाडौंमा रहेका विभिन्न टुर अपरेटर तथा ट्राभल्सहरूले आफ्नै सवारीसाधनमा राखेर समेत पर्यटक लिएर आउने गरेका थिए ।

तर□ यो वर्ष त्यताका पर्यटक नदेखिएको पर्यटक पदमार्गमै पर्ने गुफा बजारमा रहेको याक होटलका सञ्चालक फुजुङ भोटेले बताए । वसन्तपुरदेखि ताप्लेजुङ दोभानसम्मको बीचमा पर्यटकका लागि कुनै पनि सुविधा र पूर्वाधार छैनन्□ जसले गर्दा पर्यटक आवास, सञ्चार, औषधि उपचार, सुरक्षाजस्ता आधारभूत सेवा सुविधाबाट समेत वञ्चित हुने गरेका छन् । दशकअघि दोभान क्षेत्रको भ्रमणमा आएका एक विदेशी नागरिकलाई पदयात्राकै क्रममा डाका समूहले आक्रमण गरेको थियो । त्यसलगत्तै च्याफ्टिङकै क्रममा अर्का विदेशी नागरिकको तमोर नदीमा डुबेर मृत्यु भयो । यस्ता घटनाले पनि पर्यटकका लागि भरपर्दो सेवा, सुविधा र सुरक्षा छैन भन्ने कुराको पुष्टि गरेको पर्यटन व्यवसायीहरूको भनाइ छ । त्यसको असर क्रमशः स्थानीय पर्यटन क्षेत्रमा पर्दै गएको यहाँका पर्यटन व्यवसायीहरूको भनाइ छ । तमोर नदीमा च्याफ्टिङका लागि राम्रो र दीगो सम्भावना भएकाले पर्यटक आकर्षणका लागि सरकारले पूर्वाधार निर्माणमा विशेष ध्यान दिएर काम गर्नुपर्ने पर्यटन व्यवसायी छिरिङ लामाको भनाइ छ । पर्यटकको सेवा सुविधाका लागि पर्यटन मन्त्रालयले वसन्तपुरमा पर्यटन सूचना केन्द्रको स्थापना गरेर लालीगुराँस नगरपालिकालाई हस्तान्तरण गरेको थियो । तर□ नगरपालिकाले भने सो भवनमा पशु सेवाकेन्द्र सञ्चालनमा ल्याएको छ ।

# ‘रिफ्लेक्टर’ टाँस्ने ट्राफिक अभियानमा व्यवसायीको साथ



झापा(प्रस) । सवारीसाधनमा ‘रिफ्लेक्टर’ (टल्किने स्टिकर) टाँस्ने मोरङ ट्राफिकको अभियानमा यातायात एवं टिपर व्यवसायीले पनि साथ दिएका छन्।

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले मोरङमा ग्रामीण क्षेत्रलाई लक्षित गर्दै सवारीसाधनमा ‘रिफ्लेक्टर’ राख्ने अभियान चलाइरहेको छ। पछिल्लो समय ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका सवारीसाधनमा ‘रिफ्लेक्टर’ राख्ने काम ट्राफिकले गरिरहेको छ। ट्राफिक प्रहरी पोस्ट हरैँचाका इन्चार्ज प्रहरी सहायक निरीक्षक (असइ) मोतीराज दाहालले टिपर व्यवसायीसँगको सहकार्यमा अभियानलाई तीव्र पारिएको जानकारी दिए। उनका अनुसार चिसो बढेर तराईमा हुस्सु लाग्न सुरु भएसँगै दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सक्रियता बढाइएको छ। टल्किने ‘रिफ्लेक्टर’ सवारीसाधनमा राख्दा हुस्सु लागेका बेला र रातको समयमा दुर्घटनाको जोखिम कम हुने दाहालले बताए। दुर्घटना न्यूनीकरणका लागि ठेला, रिक्सा, सीटी सफारी, साइकल, ट्र्याक्टर, टिपरलगायतका सवारीसाधनमा ‘रिफ्लेक्टर’ लगाउन थालिएको उनको भनाइ छ। ‘हुस्सु लागेका बेला र रातको समयमा दुर्घटनाको जोखिम धेरै हुन्छ,’ असइ दाहालले भने, ‘टल्किएर परबाटै प्रष्टसँग देखिने हुनाले सवारीसाधनमा ‘रिफ्लेक्टर’ राख्दा दुर्घटना न्यूनीकरणमा मद्धत पुग्छ।’ दुर्घटना रोक्न ट्राफिक प्रहरीले विभिन्न उपाय अवलम्बन गर्ने गरेको र पछिल्लो अभियानमा टिपर एवं यातायात व्यवसायीले समेत साथ दिएको उनले बताए। साथै हुस्सु लागेका बेला सवार ीसाधन सञ्चालनमा सहजता ल्याउन चालकलाई आवश्यक प्रशिक्षण पनि दिन थालिएको दाहालको भनाइ छ। उनका अनुसार सवारीसाधनमा फग लाइट, साइड लाइट, वाइपरको व्यवस्था गर्न लगाउँदै गाडी कुदाउँदा ट्राफिक नियमको पालना गर्नुपर्ने विषयमा चालकलाई सचेत गराउने गरिएको छ। ट्राफिकको सचेतनामूलक अभियानअन्तर्गत हुस्सु लागेका बेला नजिकैको वस्तुसमेत नदेखिने हुँदा दुर्घटनाको जोखिम बढी हुने भएकाले तीव्र गतिमा सवारीसाधन नचलाउन चालकलाई अनुरोध गर्ने गरिएको जानकारी असइ दाहालले दिए।

हुस्सु लाग्ने क्रम बढेसँगै सवारीसाधनमा ‘रिफ्लेक्टर’ राख्नेदेखि ट्राफिक नियम पालनाका सवालमा कडाइ गर्न थालिएको मोरङ ट्राफिक प्रमुख प्रहरी निरीक्षक राजकुमार कार्कीले बताए। ‘रातको समय र हुस्सु लागेका बेला अगाडि नदेखिने हुँदा अन्य सवारीसाधन ठोक्किएर दुर्घटना बढी हुने गरेको पाइयो,’ उनले भने, ‘त्यही भएकाले दुर्घटना रोक्नका लागि उज्यालो पर्नासाथ टल्कने ‘रिफलेक्टर’ राख्ने अभियान चलाइएको हो।’ ‘रिफ्लेक्टर’ टल्किने भएका कारण पछाडिबाट आउने सवारी साधनले राम्रोसँग देख्ने र ठोक्किएर दुर्घटना हुन नपाउने कार्कीको भनाइ छ।

त्योबाहेक सवारी दुर्घटना रोक्नलाई चालक, पैदलयात्रु, विद्यार्थी तथा सर्वसाधारणलाई समेत भेला पारेर आवश्यक प्रशिक्षण दिने र सचेतनामूलक कार्यक्रम गर्ने गरिएको उनले बताए। ‘पैदलयात्रुलाई बाटो काट्ने तरिका सिकाउँदै चालकलाई तीव्र गतिमा सवारीसाधन सञ्चालन नगर्न सचेत गरिँदै आएको छ,’ कार्कीले भने, ‘साथै सचेतनामूलक कार्यक्रम र ट्राफिक कारबाहीलाई तीव्र पारिएको छ।’ नियम उल्लंघन गर्ने र सम्झाईबुझाई गर्दा पनि अटेर गर्ने सवारीका चालकलाई भने ट्राफिक नियम उल्लंघनको कसूरमा कारबाही गर्ने गरिएको छ।

# ५ किलो गाँजासहित युवक पक्राउ

झापा(प्रस) । मोरङको बिराटनगर महानगरपालिका-४ मा एयरपोर्ट नहरबाट प्रहरीले गाँजासहित एकजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बिराटनगर-११ घर भएका २८ वर्षीय अर्पण राई छन् । को ३८ प ७९५१ नम्बरको स्कुटरमा सवार राईको साथबाट ५ किलो गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

आरोपीबिरुद्ध लागूऔषध मुद्दामा म्याद लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी टिकाबहादुर कार्कीले बताए ।

# कोरोनाविरुद्धको बुस्टर डोज लगाउन आग्रह




झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढिरहेकाले सबैलाई अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा.सञ्जयकुमार ठाकुरले संक्रमण छिमेकी भारत र चीनमा बढिरहेकाले सबैलाई बुस्टर डोज लगाउन आग्रह गरेका हुन् । छिमेकी मुलुकमा देखिएको बिएफ-७ नामक प्रजातिको नयाँ भेरियन्ट खुला सिमानाका कारणले नेपालमा भित्रिन सक्ने भएकाले सजगता अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ । नेपालमा हालसम्म नयाँ प्रजातिको बिएफ-७ नामक भाइरस देखिएको छैन । मन्त्रालयले पहिलो र दोस्रो मात्रा खोप लगाएका व्यक्तिले अनिवार्य रूपमा बुस्टर डोज लगाउन भनेको छ । सरकारले बुस्टर डोजका लागि भने खोप ल्याउने तयारी गरेको छ ।

**पन्ध्र लाख मात्रा खोप ल्याइँदै**

मन्त्रालयका प्रवक्ता डा.ठाकुरले १५ लाख मात्रा बुस्टर डोज खोप ल्याउन थालिएको जानकारी गराए । कोभ्याक्स सुविधाअन्तर्गत सम्झौता गरिएको ९२ लाख मात्रा खोपमध्ये ३७ लाख मात्रा ल्याइसकेको छ । अब त्यही बाँकी रहेकोमध्ये १५ लाख मात्रा खोप बुस्टर डोजका लागि ल्याउन थालिएको हो । सम्झौता गरिएको खोपमध्ये दुईपटक गरेर ३७ लाख मात्रा खोप भने स्वदेश आइसकेको छ । यस्तै मन्त्रालयले संक्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुन पानीले हात धुन वा स्यानिटाइजर नियमित प्रयोग गर्नसमेत आग्रह गरेको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3 BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८१२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष** कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन** यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट** शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह** परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या** आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक** आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ** मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन** दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।